# वीर अस्पताल सरसफाई अभियान

माननीय स्वास्थ्य राज्यमन्त्री श्री पद्मा कुमारी अर्यालज्यूको अगुवाईमा २०७५ वैशाख २३ गतेबाट प्रारम्भिक चरणमा वीर अस्पताललाई देशकै सफाईको नमूना अस्पताल बनाउने अठोटका वीर अस्पताल सरसफाई अभियान सुरु भयो । अभियान चल्दै गर्दा सरसफाईले मात्रै नमूना अस्पताल नदेखिने धेरैको प्रतिक्रिया पछि धुर्मुस सुन्तली फाउण्डेशनको ठम्याईसकेपछि स्वास्थ्य मन्त्रालय, वीर अस्पताल र हामी अभियान्ताहरूको त्रिपक्षीय समझदारीमा वैशाखको २६ गतेबाट वीर अस्पतालको रङ्गरोगन तथा मर्मत सम्भारको काम अगाडि बढाईएको थियो । रङ्गरोगनको जिम्मेवारी हामीले लिएका थियौँ भने खेम शर्मा जिले सफाईको, समग्रमा यो अभियान नेपाल सरकार स्वास्थ्य मन्त्रालय, वीर अस्पताल र हामी अभियान्ताहरू बीचको एउटा सहकार्य हो । यो अभियानमा जोडिनुहुने बागमती सफाई महाअभियान, खेम्स क्लिनिङ् कम्पनिका सञ्चालक तथा सफाई अभियन्ता खेम शर्माको टिम, भूगोल टेलिफिल्म समूह, सिस्नुपानी नेपाल हाँस्यव्यङ्ग्य समूह, सामाजिक सञ्जाल दाह्रि ग्याङ् समूह, नेपाल ईन्जिनियर्स एशोसियसनका उप-महासचिव रबि भुषण झा, ईन्जिनियर दिपक राज पराजुली, न्यानो स्पर्श समूह सहित हामीलाई साथ दिने सम्पूर्ण अभियान्ताहरू, पेन्टर साथीहरू, मिस्त्री साथीहरू, ईलेक्ट्रिसियन साथीहरू, प्लम्बर साथीहरू, भोलिन्टियर साथीहरू लगायत सम्पूर्णलाई हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछौं । प्रत्यक्ष र परोक्ष रूपबाट यस अभियानमा जोडिनु हुने सहृदयी मनहरूलाई धेरै आभार ।





वीर अस्पताललाई नेपालकै नमूना सरकारी अस्पताल बनाउनका लागि, तत्कालीन स्वास्थ्य राज्यमन्त्री श्री पध्मा अर्यालज्यूको अगुवाईमा २०७५ वैशाख २३ गते आईतबार देखि सुरू भएको थियो । वीर अस्पताल सरसफाई अभियानलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि सरसफाईले मात्रै नपुग्ने भएकाले धुर्मुस सुन्तली फाउण्डेशनले वैशाख २५ गते मङ्गलबारदेखि रङ्गरोगनको काम सुरू गरेको थियो । सरसफाई अभियान सुरू गर्दा १५ दिन अस्पताल र १५ दिन ट्रमा सेन्टरमा सफाई गर्ने भनिएपनि रङ्रोगन तथा मर्मत सम्भारको काम समेत गर्नुपर्ने भएकाले उक्त समय थप भई असार ८ गते सरसफाई, रङ्रोगन तथा मर्मतको काम सम्पन्न भएको थियो ।